'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ | अंक : ८८ | आईतबार ०९ मंसिर, २०८१ | 24 (Sunday) November 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### खानेपानी आपूर्तिमा सबैको प्राथमिकता

## रझेना खानेपानी तथा सरसफाई समितिको चौथो वार्षिक साधारण सभा सम्पन्न

■ नमस्ते समचारदाता
कोहलपुर, मंसिर/०८




शनिबार रझेना खानेपानी तथा सुसफाई समितिको चौथो वार्षिक साधारण सभा सम्पन्न भएको छ। कोहलपुर नगरपालिका वडा नं ३ र ४उपभोक्ता क्षेत्र रहेको सो समितिको चौथो वार्षिक साधारणसभाको उद्घाटन गर्दै लुम्बिनी प्रदेश, बाँके क्षेत्र नं १ प्रदेश (ख) का प्रदेश सांसद दुर्गा बहादुर चौथरीले गरेका हुन । साधारणसभाको उद्घाटन गर्दै चौधरीले बाँके जिल्लामा सबै भन्दा धेरै बजेट रझेना खानेपानीलाई नै बिनियोजन भएकाले अब यस को काम सम्पन्न हुने आशा पलाएको बताए । आफ्नो मन्तव्य राख्दै चौधरीले भने, '२०७९को निर्वाचन पश्चात म लुम्बिनी प्रदेश सरकार को मन्त्री भए पछि मैरै निर्वाचन क्षेत्रको योजना भएकाले यहाँका साथीहरुको माग अनुसार मैले अगाडि बढाएको थिए । तर तत्काल सरकारमा आएको फेर बदलका कारण बजेट विनियोजन हुन नसके पनि यो आर्थिक वर्षमा बजेट पार्न सफल भएका छौं ।' कार्यक्रममा प्रमुख अतिथि समेत रहेका सांसद चौधरीले थपे, 'अब यसको काम सिस्टममा गएको छ । सिस्टम अनुसार काम भएमा अब योजना सम्पन्न हुने कुरामा कुनै शंका छैन।' त्यस्तै कार्यक्रममा बाँके क्षेत्र न. १ (क) की प्रदेश सांसद कृष्ण के.सी. नमूनाले रझेना खानेपानी योजनालाई सम्पन्न गराउन हामीले आफूले बजेट पार्न सक्ने योजना भित्र पारेर पनि सम्पन्न गर्न सकिन्छ र त्यस्को लागि आगामी आर्थिक वर्षको बजेटमा पार्ने प्रतिवद्धता जनाइन् । सांसद नमूनाले भनिन्, 'तपाईहरुले वार्षिक साधारणसभामा एक वर्षको कार्ययोजना बनाउँदै गर्दा यो योजनालाई सम्पन्न गर्न कहाँ कहाँ के के गर्नु पर्दछ त्यो पनि तयार गरेर कार्ययोजना बनाउनु होला। जसले गर्दा तपाइहरुलाई पनि र हामीलाई पनि कामगर्न सजिलो र वैधानिक हुन्छ। योजना माग गर्दा पनि हाम्रो संघिय संरचनाको प्रक्रियाको सिस्टम अनुसार जानै पर्दछ । त्यसमा ध्यान दिनुहोला ।' त्यस्तै प्रदेशकी समानुपातिक सांसद बसन्ती अधिकारीले रझेना खानेपानी योजनाका लागि आफूले गर्न सक्ने ठाउँबाट सहयोग गर्न सधै तत्पर रहेको धारणा राखिन् । लुम्बिनी प्रदेशका शहरी विकास तथा खानेपानी मन्त्रालयका सचिव वासु पौडेलले रझेना खानेपानी योजनालाई आवश्यक पर्ने पूर्वाधारका संरचनाहरु निर्माणका लागि मन्त्रालयको तर्फबाट सहयोग गर्ने प्रतिवद्धता जनाए । त्यस्तै खानेपानी डिभिजन कार्यालय नेपालगञ्जका कार्यालय प्रमुख प्रकाश जंग शाहले खानेपानी योजनाको कुनै पनि काम गर्दा डिभिजन कार्यालय सँग समन्वय गरेर काम गर्न सुझाव दिए । खानेपानी सरसफाई तथा डिभिजन कार्यालय दाङका आयोजना प्रमुख तिलक न्यौपानेले खानेपानी आयोजनाहरु सँग समन्यय गरेर काम गर्दा धेरै विषयको जानकारी हुँने हुँदा सोही

बाँकी ३ पेजमा

## खाद्यले सिमकोट शाखाबाट चिनी बिक्री गर्दै



■ नमस्ते समचारदाता
हुम्ला, मंसिर/०८

खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी लिमिटेडको सिमकोट शाखाले अब चिनी पनि बिक्री गर्ने भएको छ। लिमिटेडले यसअघि खाद्य सामगीहरुमा चामल, तेल र पैदा मात्र बिक्री गर्दै आएको थियो । लिमिटेडको प्रादेशिक कार्यालय सुर्खेतबाट पैदल मार्ग हुँदै शाखामा चिनी ढुवानी भएर आई पुगेपछि बिक्री गर्न लागिएको हो । शाखाबाट पहिलो पटक सर्वसाधारणका लागि चिनी बिक्री गर्न लागिएको लिमिटेड सिमकोट शाखाका प्रमुख कृष्ण प्रसाद अधिकारीले बताए । यो चिनी ढुवानी अनुदानमा बिक्री गर्न लागिएको हो । प्रतिकेजी १३५ रुपियाँ पर्ने चिनीलाई पाँच रुपियाँ छुट दिएर प्रतिकेजी १३० रुपियाँमा बिक्री गर्न लागिएको उनले बताए । शनिबार बिहान मात्रै चालीस क्वीन्टल चिनी पैदल मार्गबाट ढुवानी भएर सिमकोटमा पुगेको र आईतबारबाट सर्वसाधारणलाई शाखा प्रमुख अधिकारीले जानकारी गराएका छन् । बजारमा चिनीको प्रतिकेजी १५० रुपियाँ पर्ने गर्छ । लिमिटेडले हुम्लामा चामल, तेल, मैदा बिक्री गर्दै आएको छ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्यान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

## विपन्न परिवारका लागि स्थायी आवास निर्माण गरिदै

■ नमस्ते समचारदाता
बाँके, मंसिर/०८



बाँकेको राप्तीसोनारी गाउँपालिकाले आर्थिक स्थिति कमजोर भएका विपन्न परिवार हरुका लागि स्थायी आवास निर्माण गरिदिने भएको छ । आवास बने पश्चात विपन्न समुदायका उनीहरुलले पनि पक्की घरमा ढंक्कले बस्न पाउने । विशेष अनुदान अन्तर्गत राप्तीसोनारी गाउँपालिकाले 'विपन्न नागरिकलाई आवास' कार्यक्रम मार्फत लक्षित समुदायका परिवारहरुको छनौट गरी उनीहरूलाई नयाँ घर बनाइदिन सुरु गरेको हो। आर्थिक रूपले विपन्न समुदायका परिवारलाई नयाँ आवास बनाएर जेठ मसान्तभित्र हस्तान्तरण गर्ने कार्यक्रम रहेको गाउँपालिकाका अध्यक्ष तप्तबहादुर पौडेलले जानकारी गराएका छन् । पौडेलले घर नभएर अरूको घरमा बस्नु पर्ने बाध्यता भएका परिवार र साँघुरो, होचो, फुसको छानो र बाँसको बार लगाएक घरमा बस्दै आएका विपन्न समुदायलाई प्राथमिकतामा राखेर पालिकाले ५२ वटा घर बनाइदिन थालेको बताए । राप्तीसोनारी गाउँपालिका(८ धरमोतीकी गङ्गा विकको परिवारका लागि नयाँ घर निर्माणको शिलान्यास गर्दै अध्यक्ष पौडेलले पालिकामा विपन्न आवास कार्यक्रम सुरु भएको बताए । नेपालको संविधानले व्यवस्था गरेको अधिकार आवास पाउनुपर्ने नागरिकको हकलाई पालिकाले कार्यान्वयन गरेको भन्दै चालु आर्थिक वर्षमा गङ्गा विकलाई जस्तै ५२ परिवारका लागि गाउँपालिकाले घर बनाइदिन थालेको जानकारी गराए । पालिका अध्यक्ष पौडेलले भने, 'यो वर्ष ५२ वटा घर बनाउँदैछौं । यो हाम्रो आफ्नै कार्यक्रम हो, तर यसमा केन्द्र सरकारको पनि सहयोग रहेको छ ।' विपन्न र आयस्तर कमजोर भएका परिवारको पहिचान गरेर विपन्न आवास कार्यक्रम कार्यान्वयनमा ल्याइएको पालिकाले जनाएको छ। नयाँ घर पाउनेहरूमा आदिवासी, दलित तथा पिछडिएका समुदायका परिवारहरू रहेको गाउँपालिकाका उपाध्यक्ष मनीषासिंह थारुले बताइन। थारुको घरहरू गुणस्तरीय र भरपर्दो बनाउन निर्माणको जिम्मा पाएका ठेकेदारलाई निर्देशन दिइन् । गाउँपालिकाका

बाँकी ३ पेजमा

विषादीको प्रयोगबाट बचौं र बचाऔं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# रझ्केना खानेपानी तथा सरसफाई समितिको चौथो वार्षिक साधारण सभाको केहि फोटोफिचर














# रझेना खानेपानी तथा सरसफाई समितिको चौथो वार्षिक साधारण सभाको केहि फोटोफिचर


















# चार अर्बको लगानीमा बर्दियामा टायल उद्योग सञ्चालन

नमस्ते समचारदाता
बर्दिया, मंसिर/०८




बर्दियाको गुलरिया नगर पालिका(८ मा चार अर्बको लगानीमा लमिनार भिट्रीफिड टायल उद्योग सञ्चालनमा आएको छ। देशभरी नै उत्पादन पुऱ्याउने उद्देश्यले सुबरत धिताल, अभिनव चुडिवाल र श्याम खेतानको लगानीमा उद्योग सञ्चालनमा आएको हो। भदौ १ गतेदेखि उत्पादन शुरु गरेको उद्योगले एक महिना परीक्षणकाल सकेर बजारमा टायल पठाउन थालिसकेको छ। साढे १२ विघा जग्गा लिएर उद्योग स्थापना गरिएको छ। यो भिट्रीफिड टायलको एकमात्र उद्योग भएको बताइएको छ। भारतको राजिस्थानबाट कच्चा पदार्थ ल्याएर टायल बनाउने गरिएको छ। उद्योगको एक दिनमा एक लाख ४० वर्गफिट उत्पादन क्षमता रहेको छ। यसमा अझै १० देखि १५ प्रतिशत उत्पादन बढाउन सकिने सञ्चालक अभिनव चुडिवालले जानकारी गराएका छन्। पश्चिम नेपालमा यति धैरै लगानीको टायल उद्योग अरु छैनन्। उद्योगमा तीन सय बढी कर्मचारी रहेका छन्। टायल निर्माण गर्न दिनको अढाई सयदेखि तीन सय मेट्रिक टन माटो खपत हुने गरेको छ। उद्योगको अहिलेसम्म सय बढी डिलर सञ्चालनमा आइसकेको छ। भारतबाट आएको टायल भन्दा यो गुणस्तरीय र २० प्रतिशतसम्म सस्तो रहेको सञ्चालक चुडिवालले बताए। ग्याँसीफायरको प्रयोग, गुणस्तरका लागि इटालियन मेसिन, नेपालमा कम उद्योगमा मात्र प्रयोगमा रहेको डस्ट कलेक्टर यस उद्योगमा रहेको छ। सञ्चालक चुडिवालका अनुसार, डडेल्धुरामा खानी फेला परेकाले शुरुमा उद्योग सुदूरपश्चिममै राख्ने योजना बनाइएका थियौं। तर त्यसका लागि उद्योग स्थापना गर्नलाई धनगढीमा मेसो नमिलेपछि बर्दियामा उद्योग सञ्चालनमा ल्याइएको हो। यहाँबाट अहिले काकडभिट्टासम्म उत्पादन पुगिसकेको छ। चुडिवालले टायलको रेसपोन्स राम्रो आएको, प्रयोग गर्नेहरुले राम्रो मानेको, डिलरहरु उत्साहित भएको दावी गरे। उनले बजारमा सिरामिक टायललाई भिट्रीफिड टायल भनेर बिक्री वितरण भइरहेको बताए। 'भिट्रीफिड टायलको मापदण्ड नै छैन, जसलाई पनि भिट्रीफिड भनिएको छ, चुडिवालले भने, सिरामिक टायललाई पनि भिट्रीफिड भन्ने गरिएको छ। त्यसो होइन, लमिनारमात्रै भिट्रीफिड टायल हो।' यो टायलको मूल्य प्रतिवर्गफिट ८० देखि दुई सय रुपैयाँसम्म रहेको छ। नेपालमा पछिल्लो दुई वर्षभित्रमा ठूल्ठूला टायल उद्योग सञ्चालनमा आएका छन्।

# इलाका प्रशासन कोहलपुरद्वारा ७८ लाख बढी राजश्व संकलन

नमस्ते समचारदाता
कोहलपुर, मंसिर/०८



इलाका प्रशासन कार्यालय कोहलपुरले पछिल्लो चार महिनामा रु ७८ लाख १५ हजार राजस्व उठाएकोछ। चालू आर्थिक वर्षको कार्तिक मसान्तसम्मको प्रगति विवरण सार्वजनिक गर्दै ईलाका प्रशासन कार्यालय कोहलपुरले कार्तिक महिनामा मात्र रु २४ लाख ९५ हजार राजस्व उठाएको जनाएको छ। चालू आवको असोज मसान्तसम्मको ३ महिनामा रु ५३ लाख २० हजार राजस्व उठाएको इलाका प्रशासन कोहलपुरले कार्तिक महिनामा मात्र त्यसको आधा रु २४ लाख ९५ हजार राजश्व उठाउन सफल भएको छ। कोहलपुर नगरपालिका संगै बैजनाथ गाउँपालिका र राप्तीसोनारी गाउँपालिकाका केही वडाहरुलाई इलाका प्रशासन कार्यालय कोहलपुरले सेवा प्रवाह गर्दै आएको छ। दशैं र तिहारका बेला कार्यालय कम खुल्ने भए पनि सेवा प्रवाह बढी हुने गरेका कारण यो अवधिमा राजस्व पनि बढी उठ्ने गरेको इलाका प्रशासन कार्यालय कोहलपुरका प्रमुख मनोजकुमार चौधरीले बताए। 'अघिपछि सामान्यतया दैनिक १५/२० वटा नागरिकता र पासपोर्ट इस्यु हुन्छन्,' प्रमुख चौधरीले भने, 'तर यो अवधिमा दैनिक ४०(५० वटा नागरिकता र त्यति नै संख्यामा पासपोर्ट इस्यु हुने गरेका छन्।' चाडबाडका बेला जिल्ला फर्केका मानिसहरूका कारण यो समयमा कार्यालयमा चाप बढी हुने गरेको उनले बताए। चालू आवको हालसम्ममा इलाका प्रशासन कार्यालय कोहलपुरले १ हजार २ सय ७८ जनालाई वंशजका आधारमा नागरिकता प्रदान गरेको छ। त्यसैगरी, ९ जनालाई वैवाहिक अंगीकृत नागरिकता, ७ जनालाई जन्मका आधारमा वंशज नागरिकता र १ हजार ५ सय ३ जनालाई नागरिकताको प्रतिलिपी प्रदान गरिएको छ। चालू आवको कार्तिक मसान्तसम्म कसैले पनि अंगीकृत नागरिकता नलिएको इलाका प्रशासन कार्यालय कोहलपुरले जनाएको छ। यो अवधिमा १ हजार १ सय ९० जनालाई राहदानी, ४ हजार ४ सय ४८ जनालाई राष्ट्रिय परिचयपत्र र ३५ जनालाई नाबालक परिचयपत्र वितरण गरिएको छ। त्यस्तै, ६१ जनाले जातीय सिफारिस प्राप्त गरेको प्रगति विवरणमा उल्लेख छ।

## विपन्न परिवारका लागि........

सहायक प्राविधिक दुर्गा केसीले चालू आर्थिक वर्षमा ९ वटै वडामा ५२ वटा घर बनाउन लागिएको बताए। उनले विशेष अनुदानको रु २ करोड ८० लाखको लागतमा घरहरू निर्माण गरिन लागेको जानकारी गराए। एउटा घरको लागत रु ५ लाख ३७ हजार ५ सय ५५ रुपियाँ रहेको जनाइएको छ। त्यसमा ब्रण्डा, दुईवटा पक्की कोठा र छानोजस्ता पाताको हुनेछ। शौचालय पनि त्यसैबाट निर्माण गरिनेछ। आगामी जेठ मसान्तभित्र सम्पन्न गर्नेगरी भवर भवानी निर्माण सेवा र सौगात कन्स्ट्रक्सन ठाकुरबाबा बर्दियाले घर निर्माणको ठेक्का लिएका छन्। भवरभवानीले २१ वटा र सौगातले ३१ वटा घर बनाउन छन्। सौगातले वडा ३, ४, ५, ६ र ७ मा ३१ वटा र भवर भवानीले वडा नं. १, २, ८ र ९ मा २१ वटा घर बनाउने सम्झौता गरिएको छ। भवरभवानी निर्माण सेवाका सञ्चालक सुरेन्द्र पौडेलले सम्झौता अवधिमै घरहरू निर्माण गरेर हस्तान्तरण गरिने प्रतिबद्धता व्यक्त गरे। उनले गाउँपालिकासँग भएको सम्झौता अनुसार ती आवासहरुको निर्माण सम्पन्न गरेर आगामी २०८२ जेठ मसान्तभित्र सबै घर हस्तान्तरण गर्ने र गुणस्तरीयतामा कुनै सम्झौता नहुने बताए।

## रझेना खानेपानी तथा सरसफाई....

अनुसार काम गर्न सुझाव दिए। रझेना खानेपानी तथा सरसफाई समितिका अध्यक्ष द्रोण प्रसाद जैसीले साधारण सभामा समितिको वार्षिक प्रगती प्रतिवेदन र कोषाध्यक्षले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। आर्थिक प्रतिवेदनमा एक वर्षका आय तथा व्यय र समितिले तिर्नु पर्ने दायित्वको विवरण समावेस गरिएको छ। सभाले वर्षभरी समितिमा रहेर कार्यालय व्यवस्थापनको काम राम्रो गरेकोमा समितिका कार्यालय व्यवस्थापन हिमाल शाहीलाई वर्ष उत्कृष्ट कर्मचारीको रुपमा सम्मान समेत गरेको थियो। रझेका खानेपानी तथा सरसफाई समितिको उपभोक्ता क्षेत्र कोहलपुर नगरपालिका वडा नं ३ र ४ रहेको र हाल १२ सय भन्दा बढी उपभोक्ता सदस्य रहेका छन्। वार्षिक साधारणसभा समितिका अध्यक्ष दोर्णा आचार्यको अध्यक्षतामा भएको थियो।

जनहितमा जारी सन्देश
आफ्नो घर आगन सफा राखौं।
विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ।
सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।
ताँजाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चाखुरे, हुम्ला

# कर्णालीमा आठ पदका लागि ४५ जना उम्मेदवार चुनावी मैदानमा

नमस्ते समचारदाता
सुर्खेत, मंसिर/०८




उपनिर्वाचनमा कर्णालीमा आठ पदका लागि ४५ जनाको उम्मेदवारी परेको छ। जसमध्ये तीन जना स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन्। अध्यक्ष, उपाध्यक्ष र उपप्रमुख पदका लागि २० जनाको उम्मेदवारी परेको हो। यीमध्ये दुई जना स्वतन्त्र उम्मेदवार छन्। दैलेखको महाबु गाउँपालिकाको अध्यक्ष पदका लागि सात जनाको उम्मेदवारी परेको छ। नेपाली कांग्रेस, एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदुर किसान पार्टीबाट उम्मेदवारहरु मैदानमा उभिएका छन्। उपनिर्वाचनका लागि कर्णाली प्रदेशमा दलहरू एक्लाएक्लै चुनावी अभियानमा होमिएका छन्। कर्णाली प्रदेशमा एक गाउँपालिका अध्यक्ष, एक उपाध्यक्ष, एक नगरपालिकाका उपप्रमुख र पाँच जना वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदैछ। आठै ठाउँमा राजनीतिक दल र स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिएका छन्। दैलेखको महाबु गाउँपालिकाको अध्यक्ष, जाजरकोटको नलगाड नगरपालिकाको उपप्रमुख र हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्ष पदमा उपनिर्वाचन हुन लागेको छ। कालीकोटको तिलागुफा नगर पालिका-४, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-५, जाजरकोटको कुशे गाउँपालिका-७, दैलेखको दुल्लु नगरपालिका-१३ र रूकुम पश्चिमको सानीभेरी गाउँपालिका-५ मा वडाध्यक्ष पदका लागि उम्मेदवारहरू उपनिर्वाचनको चुनावी मैदानका खडा भएका छन्। दैलेखमा महावु गाउँपालिकाको अध्यक्ष पदमा कांग्रेसबाट झलकबहादुर भण्डारी, एमालेबाट जंगबहादुर शाही, माओवादी केन्द्रबाट जंगबहादुर बराल, एकीकृत समाजवादीबाट जगत हमाल, रास्वपाबाट प्रकाश बुढा, राप्रपाबाट सुर्जे रावत र नेमकिपाबाट दुर्गबहादुर मगर उम्मेदवार छन्। एमालेबाट उम्मेदवार बनेका शाही यसअघि २०७४ मा एमालेबाट महाबुको अध्यक्ष बनेका थिए। २०७९ को निर्वाचनमा उनी एकीकृत समाजवादीबाट उम्मेदवार बनेर पराजित भएका थिए। अहिले केही समयअघि मात्र एमालेमा फर्किएर उनी महाबुको अध्यक्षको उम्मेदवार बनेका छन्। जाजरकोटको नलगाड नगर पालिकाको उपप्रमुख पदका लागि ६ जना चुनावी मैदानमा छन्। नेपाली कांग्रेसबाट इन्द्रा चन्द सिंह, एमालेबाट सुनिता बोहरा, राप्रपा नेपालबाट सुनिता पुन रावल, माओवादी केन्द्रबाट देवका लामिछाने, एकीकृत समाजवादी पार्टीबाट पवित्रा जैसी र रास्वपाबाट पार्वती पुन उम्मेदवार छन्। हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्ष पदका लागि दुई जना स्वतन्त्र उम्मेदवार सहित सात जनाको उम्मेदवार छन्। नेपाली कांग्रेसबाट सबिता बुढा, एमालेबाट जाना शाही, माओवादी केन्द्रबाट देवकी तिमल्सेना, राप्रपाबाट संगिता शाही र रास्वपाबाट बाँचु शाही चुनावी मैदानमा छन्। नरेश शाही स्वतन्त्र उम्मेदवारका रुपमा छन्। पाँच जना वडाध्यक्ष पदका लागि २५ जनाको उम्मेदवार छन्। जसमध्ये २४ जना दलबाट र एक जना स्वतन्त्र उम्मेदवार छन्। कालिकोटको तिलागुफा नगर पालिका-४ को वडाध्यक्ष पदका लागि ६ जनाले उम्मेदवार छन्। एमालेबाट ऐनबहादुर शाही, नेमकिपाबाट खड्कबहादुर शाही, रास्वपाबाट गगन बम, राप्रपाबाट गोगनबहादुर शाही, माओवादी केन्द्रबाट नैनशोभा शाही र नेपाली कांग्रेसबाट पलबहादुर शाही वडाध्यक्ष पदका उम्मेदवार छन्। डोल्पाको त्रिपुरासुन्दरी नगर पालिका-५ को वडाध्यक्ष पदका लागि चार जना उम्मेदवार छन्। एमालेबाट नरबहादुर रोकाया, समाजवादीबाट ज्योति घर्ती, माओवादी केन्द्रबाट नरबहादुर झाँक्री र नेपाली कांग्रेसबाट राजेन्द्र प्रसाद न्यौपाने उम्मेदवार छन्। दैलेखको दुल्लु नगर पालिका-१३ मा वडाध्यक्ष पदका लागि ६ जना उम्मेदवार छन्। एमालेबाट लालबहादुर शाही, कांग्रेसबाट शेरबहादुर शाही, माओवादीबाट ढकेन्द्र शाही, राप्रपाबाट रेशम शाही, रास्वपाबाट रामबहादुर शाही र नेमकिपाबाट पूणर्प्रसाद उपाध्याय उम्मेदवार छन्। जाजरकोटको कुशे गाउँपालिका- ७ को अध्यक्ष पदका लागि पाँच जनाले उम्मेदवार छन्। एमालेबाट डम्बर बहादुर घर्ती, नेपाली कांग्रेसबाट खम्बबहादुर सिंह, माओवादी केन्द्रबाट गोरखबहादुर नेपाली, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट लालबहादुर खत्री र स्वतन्त्र पार्टीबाट कमान सार्की उम्मेदवार छन्। त्यस्तै रूकुम पश्चिमको सानीभेरी गाउँपालिका- ५ को अध्यक्ष पदका लागि चार जना उम्मेदवार छन्।देश संचारबाट

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके